कार्यविधि नं.१

# आर्थिक सहायता वितरण सम्बन्धी(प्रथम संसोधन) कार्यविधि,२०७५

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :२०७६/०३/२५

त्रिवेणी गाउँपालिका
जिल्ला सल्यान
प्रदेश न..६

# आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि(प्रथम संसोधन),२०७५

कार्यपालिकाबाट स्वीकृत मिति :२०७६।३।२५

आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि,२०७५ लाई संसोधन गर्न वाञ्छनीय भएकोले, त्रिवेणी गाउँपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन, २०७५ ले दिएको अधिकार प्रयोग गरी त्रिवेणी गाउँपालिकाले देहायका संसोधन गरेकोछ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** :(१) यो कार्यविधिको नाम "आर्थिक सहायता वितरण सम्बन्धी (प्रथम संसोधन)कार्यविधि,२०७५" रहेको छ ।

(२) यो नियमावली स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ ।

**२. आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि,२०७५ को दफा ६ को उपदफा(१) को खण्ड(क) मा संसोधन** : आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि,२०७५(यस पछि मूल कार्यविधिको भनिएको) को दफा ६ को उपदफा(१) को खण्ड(क) को विपद व्यवस्थापनको संयोजक संयोजक रहने व्यवस्थाको सट्टा स्थानीय विपद व्यवस्थापन समितिको अध्यक्षले तोकेको सोही समितिको सदस्य संयोजक हुने व्यवस्था राखिएकोछ ।

**३. मूल कार्यविधिको दफा ८ को उपदफा(१) मा संसोधन** : मूल कार्यविधिको दफा ८ को उपदफा(१) को .... तर अन्य संघ संस्थावाट गाउँपालिकाले उपलब्ध गराउने भन्दा बढि आर्थिक सहायता पाएको रहेछ भने तोकिएको रकममा २५ प्रतिशत कम गरेर उपल ब्ध गराउनुपर्नेछ भन्ने वाक्यांश झिकी गाउँपालिकाबाट पाउने सुविधा एउटै घटनामा एक पटक मात्र पाउनेछ भन्ने वाक्यांश थप गरिएकोछ ।

**स्पष्टिकरण** : प्राकृतिक प्रकोपको कारण सोही प्रकृतिको घटना पटकै पिच्छे हुन गएमा घटना पिच्छे सहायता उपलब्ध गराउन सकिनेछ ।

**४. मूल कार्यविधिको दफा ८ को उपदफा(१) को खण्ड (क),(ख),(ग) र (घ) मा संसोधन** : मूल कार्यविधिको दफा ८ को उपदफा(१) को खण्ड (क),(ख),(ग) र (घ) मा भएको व्यवस्थाको सट्टा देहायको व्यवस्था रारिखएकोछ :

(क) आगलागि वा अन्य कारणले घर पूर्ण क्षति भएमा : १००००।

(ख) आगलागि वा अन्य कारणले घर आंशिक क्षति भएमा : ५०००।

(ग) आगलागि वा अन्य कारणले गोठ पूर्ण क्षति भएमा : ३०००।

(घ) आगलागि वा अन्य कारणले गोठ आंशिक क्षति भएमा : २०००।

**५. मूल कार्यविधिको दफा ८ को उपदफा(१) को खण्ड (ङ) मा संसोधन** : मूल कार्यविधिको दफा ८ को उपदफा(१) को खण्ड (ङ) मा भएको व्यवस्थाको सट्टा प्राकृतिक प्रकोपको कारण मानिसको मृत्यु भएमा राहात तथा कृया खर्च वापत प्रति मृतक रु. १००००। उपलब्ध गराइनेछ भन्ने व्यवस्था राखिएकोछ ।

**६. मूल कार्यविधिको दफा ८ को उपदफा(१) को खण्ड (च) थप** : मूल कार्यविधिको दफा ८ को उपदफा(१) को खण्ड (ङ) पछि देहायको खण्ड (च) थप गरिएकोछ :

(च) प्राकृतिक प्रकोपको कारणबाट पशु चौपाय वा व्यवसायिक रुपमा पालन गरेको पंक्षिजन्य प्राणीको मृत्यु भई क्षति भएमा आवश्यक प्रमाण कागजात बुझि समितिले निर्णय गरे बमोजिमको राहात रकम उपलब्ध गराउन सकिनेछ ।

मणि बहादुर डाँगी
गाउँपालिका अध्यक्ष

CamScanner

कार्यविधि नं.२०

# एम्बुलेन्स सेवा संचालन सम्बन्धी(प्रथम संसोधन) कार्यविधि,२०७५

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :२०७६/०३/२५

त्रिवेणी गाउँपालिका
जिल्ला सल्यान
प्रदेश न..६

# एम्बुलेन्स सेवा संचालन सम्बन्धी(प्रथम संसोधन) कार्यविधि, २०७५

कार्यपालिकाबाट स्वीकृत मिति २०७७।३।७

एम्बुलेन्स सेवा संचालन सम्बन्धी कार्यविधि,२०७५ लाई संसोधन गर्न वाञ्छनीय भएकोले, त्रिवेणी गाउँपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन, २०७५ ले दिएको अधिकार प्रयोग गरी त्रिवेणी गाउँपालिकाले देहायका संसोधन गरेकोछ ।

१ **संक्षिप्त नाम र प्रारम्भ** :(१) यो कार्यविधिको नाम "एम्बुलेन्स सेवा संचालन सम्बन्धी (प्रथम संसोधन) कार्यविधि,२०७५ " रहेको छ ।

(२) यो नियमावली स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ ।

२ **आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि,२०७५ को दफा ६ को उपदफा(१) को खण्ड(क) मा संसोधन** : एम्बुलेन्स सेवा संचालन सम्बन्धी कार्यविधि,२०७५(यस पछि मूल कार्यविधिको भनिएको) को अनुसूचि १ को दफा १ झिकिएको ।

३ **मूल कार्यविधिको अनुसूचि १ को दफा ४ मा संसोधन** : मूल कार्यविधिको अनुसूचि १ को दफा ४ मा भएको व्यवस्थाको सट्टा त्रिवेणी गाउँपालिका भित्रका महिला स्वास्थ्य स्वयंसेविकाहरुले एम्बुलन्स सेवा प्रयोग गरेको अवस्थामा जम्मा सेवा शूल्कमा २० प्रतिशत छुट दिइनेछ भन्ने व्यवस्था राखिएकोछ ।

मान बहादुर डाँगी